# गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गजुरी, धादिङ

पत्र संख्या:- २०७६/०७७
चलानी नम्बर:- ६४५

मिति: २०७६/०८/१

श्री सबै वडा कार्यालयहरु (१देखी८सम्म)
गजुरी गाउँपालिका

बिषय: सुचना टांस गरि प्रचार प्रसार गरिदिने सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस गाउँपालिकाको आ.व ०७५/०७६को आन्तरीक तथा सशर्त अनुदान तर्फको बार्षिक स्विकृत कार्यक्रम लक्ष्य बमोजिम कृषि विकास शाखा तर्फबाट कार्यक्रम संचालनको लागि निवेदन आव्हान सम्बन्धि सूचना प्रकाशित भएको हुदा यसै सुचनालाई ताहां कार्यालयको सुचना पाटीमा टाँस गरी सम्वन्धीत सबैलाई प्रचा प्रसार गरी सहयोग गरिदिनहुन अनुरोध छ ।

बोधार्थ: सुचना प्रबिधि शाखा(सुचना प्रसारण गरीदिनहुन)

युवराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ९७७- ०१०-४०२१४२,४०२१४५, ४०२१३९
Website : http://gajurimun.gov.np
Email : info@gajurimun.gov.np

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ


पत्र संख्या:- २०७६/०७७
चलानी नम्बर:- 632

गाउँपालिका,कृषि शाखाबाट संचालित कार्यक्रममा सहभागी हुन प्रस्ताब आह्वानको सूचना !

# साना सिंचाई कूलो निर्माण /मर्मत सम्भार र भकारो सुधार कार्यक्रम संचालनको लागी निवेदन आव्हान सम्बन्धि सूचना !

प्रथम पटक प्रकाशित मिति :-२०७६/०८/१९

यस गाउँपालिकाको आ.व ०७६/०७७ को बार्षिक कार्यक्रम लक्ष्य बमोजिम **सशर्त अनुदान तर्फ** कृषि शाखा अन्तरगत **सहकारी सिंचाई, साना सिंचाई कूलो मर्मत, सम्भार तथा निर्माण कार्यक्रम र भकारो सुधार कार्यक्रम** तपशिल वमोजिमको भएको हुँदा गजुरी गाउँपालिका भित्रको कृषक समूह, सहकारी संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले २० दिन भित्र २०७६/०८/ १९ देखि २०७६/०९/०८सम्म कार्यालयको समय भित्र आवश्यक प्रक्रिया पुऱ्याई गाउँपालिकाको कृषि शाखामा रु.१००।-को राजश्व दाखिला गरेको रसिद सहित र भकारो सुधार कार्यक्रम संचालनको लागि रितपूर्वक निवेदन दिन हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिन्छ ।

**तपशिल**

| क.सं. | कार्यक्रमहरु | संख्या | कैफिएत |
|---|---|---|---|
| १ | साना सिंचाई निर्माण/मर्मत | ४ | दर्ता भएको कृषक समूह र सहकारीले निबेदन दिन सकिने । |
| २ | भकारो सुधार कार्यक्रम | १७ | व्या. कृषक,कृषक समूह/सहकारी, कृषि फार्मले निबेदन दिन सकिने । |

**आवश्यक कागजातहरु**

१. रु १०।- को हुलाक टिकट टाँस गरिएको निवेदन ।
२. कार्यक्रम सम्बन्धी कृषक समूह, सहकारीको निर्णय प्रतिलिपि ।
५. सम्बन्धीत वडा कार्यालयको सिफारीस ।

साना सिंचाईको हकमा,
क. उपभोक्ता कृषक समूहको जग्गाको विबरण ।
ख. समूह तथा सहकारी दर्ताको प्रमाण पत्र प्रतिलिपि ।

भकारो सुधारको हकमा,
क. नेपाली नागरिकताको प्रतिलिपि ।
ख. जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि ।

नोट : साना सिंचाईको लागि निवेदन दिने फर्मेट कृषि शाखामा सम्पर्क गर्नु होला ।
अन्य थप जानकारी को लागि कृषि शाखा गजुरीमा सम्पर्क राख्न सकिन्छ । सम्पर्क गर्नको लागि ०१०-४०२०६३

सुवराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ९७७- ०१०-४०२१४२,४०२१४५, ४०२१३९
Website : http://gajurimun.gov.np
Email : info@gajurimun.gov.np

गजुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गजुरी, धादिङ
३ नं. प्रदेश, नेपाल

पत्र संख्या:- २०७६/०७७
चलानी नम्बर:- 632

## गाउँपालिका,कृषि शाखाबाट संचालित कार्यक्रममा सहभागी हुन प्रस्ताब आह्वानको सूचना !

प्रथम पटक प्रकाशित मिति: २०७६/०८/१९

यस गजुरी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,कृषि विकास शाखा आन्तरिक तर्फको आ.व. ०७६/७७ को वार्षिक स्विकृत कार्यक्रम अनुसार तपतिल बमोजिमको कार्यक्रमहरु संचालन हुने भएकोले उक्त कार्यक्रमको लागी गाउँपालिका कार्यक्षेत्र भित्रका ब्यावसायिक कृषक/कृषक समूह/कृषि सहकारी/निजी कृषि फार्मका कृषकहरुलाई अनुदानमा संचालन हुने कार्यक्रम रहेकोले यो सुचना प्रकाशन भएको मिति देखि २० दिन भित्र (मिति २०७६/०८/१९ देखि २०७६/०९/०८ सम्म) गाउँपालिकाको कृषि शाखामा रितपूर्वक निवेदन दिन हुन अनुरोध छ ।

तपशिल

| क्र.सं. | कार्यक्रमहरु | ईकाई | परिमाण | अनुदान | कैफिएत |
|---|---|---|---|---|---|
| १ | बेमौसमी तरकारी खेतीको लागी थोपा सिंचाई सहित प्लाष्टिक घर निर्माण कार्यक्रम | संख्या | १५ | ५० प्रतिशत | समुन्द्रि सतहबाट ८०० मि. भन्दा माथीको कृषकहरुलाई प्रथमिकता दिईनेछ । |
| २ | हिउँदे फलफूल बिरुवा( नास्पाती र ओखर) बितरण कार्यक्रम | संख्या | २००० | १०० प्रतिशत | समुन्द्रि सतहबाट १००० मि. भन्दा माथीको कृषकहरुले ब्यवसायिक खेती गर्न सकिनेछ । |
| ३ | मिनि टिलर वितरण कार्यक्रम | संख्या | ३० | ६० प्रतिशत | |
| ४ | मौरी घार वितरण कार्यक्रम | संख्या | १०० | ७५ प्रतिशत | मौरी पालन गरीरहेका कृषकलाई प्राथमिकता दिईनेछ । |
| ५ | बिद्युतीय मकै छोडाउने मेसिन बितरण कार्यक्रम | संख्या | २५ | ७५ प्रतिशत | |
| ६ | ड्रिल मेसीन(अर्थ अगर) बितरण कार्यक्रम | संख्या | १५ | ६० प्रतिशत | ब्यावसायिक रुपमा तरकारी खेती गर्ने कृषकहरुलाई प्राथमिकता दिईनेछ । |
| ७ | स्प्रेएर बितरण कार्यक्रम(प्रोटेक्सन सहित) | संख्या | २५ | ७५ प्रतिशत | |

आवश्यक कागजातहरु

१. रु १० को हुलाक टिकट सहितको निवेदन ।
२. सम्बन्धीत वडा कार्यलयको सिफारीस ।

समूह तथा सहकारीको हकमा,

क) समूह तथा सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
ख) समूह तथा सहकारीको निर्णय प्रतिलिपी तथा सिफारीस ।

कृषि फार्मको हकमा

क) कृषि फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
ख) गाउँपालिकामा सुचिकृत ब्यावसायिक प्रमाण पत्र को प्रतिलिपि ।
ग) ५ रोपनी भन्दा माथीको जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि वा भाडामा खेती गरेको भए सम्झौताको प्रतिलिपि ।

ब्यावसायिक कृषकको हकमा,

क) नेपाली नागरिकताको प्रतिलिपी ।
ख) ५ रोपनी भन्दा माथीको जग्गा धनी प्रमाण पत्रको प्रतिलिपी वा भाडामा खेती गरेको भए सम्झौताको प्रतिलिपि ।

अन्य थप जानकारी को लागि कृषि शाखा गजुरीमा सम्पर्क राख्न सकिन्छ । सम्पर्क गर्नको लागि ०१०-४०२०६३

फोन नं. ९७७- ०१०-४०२१४२,४०२१४५, ४०२१३९
Website : http://gajurimun.gov.np
Email : info@gajurimun.gov.np